# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०२/१४

चौथो अधिवेशन

(आठौँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको आठौँ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरू

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि विशेष समय माग भई आएकोले उक्त सयम निर्धारर्ण गरेको छु । विशेष समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय अक्कल बहादुर रावल :- सभामुख महोदय, हामी नयाँ बजेट निर्माणको चरणमा पनि प्रवेश गरेका छौ । आर्थिक बर्ष २०७६।०७७ को पूर्व बजेट छलफलको चरणमा प्रवेश गरिरहदा हामी यतिबेला अत्यन्तै पेचिलो खालको संघर्षको मैदानमा पनि छौ । कस्तो खालको संघर्षको मैदानमा भन्दा खेरि संविधानत हामी संघीय राज्य प्रणालीमा हामी प्रवेश गरेका छौ । तर संघीय राज्य प्रणालीको अभ्यास हामीले नीतिगत रुपमा त भयो तर विधिवत रुपमा हुन सकिराखेको छैन । सैद्धान्तिक रुपमा भयो व्यवहारिक रुपमा हुन सकिराखेको छैन । त्यसका लागि सर्वप्रथम सभामुख मार्फत यो सभाको ध्यानाकर्षण होस र फेरी पनि कतै हिजोका दिनमा हामीले नेपाली भएर गौरव गर्ने त हो तर सुदुरपश्चिमका भएर गौरव नगर्ने हिजो पनि थियौ हामी नेपाली हुनुको जुनखालको अहिले पनि गरिराख्याछौ तर सुदूरपश्चिम प्रदेशका हुनुको गौरव हामीलाई कहिले प्राप्त होला हामी त्यो प्रतिक्षामा छौ । त्यसैले गर्दा यति भन्दा धेरै कुराहरुको अर्थ यसभित्र निहित छ जस्तो मलाई लाग्छ यसमा हाम्रो खासमा हाम्रा खेलाडिहरु जसले संविधान निर्माण गरे जुन राजनैतिक खेलाडिहरु जो नेतृत्वहरु जसले यो समाजलाई एकात्मक राज्य प्रणालीबाट संघात्मक राज्य प्रणालीमा लैजानका निम्ती ठुलो आफ्नो जिवनको आहुति पनि दिए ठुलो पसिना बगाए, रगत बगाए, ठुलो दुखः कष्ट गरे आज नेतृत्वमा पनि हुनुहुन्छ । तर राज्यलाई संघीयतालाई ठिक ठिक ढंगले, सन्तुलित ढंगले लैजाने सवालमा हाम्रा नेताहरु अब सफल हुन्छन कि हुदैनन ऐतिहासले एच्छे प्रश्न यतिबेला गरिराखेको छ । सभामुख महोदय हामीलाई थाहा छ हामीले यहि सदनबाट हामीले राष्ट्रिय जीवनका व्यक्तित्वहरु सँग सँगै प्रदेश सरकार र प्रदेश सभाका संसदहरुको मर्यादाक्रमलाई उचित ढंगले विधाईकाको भूमिकाको रुपमा स्थापित गर्नुपर्छ । त्यो आधारमा स्वीकार गर्नुपर्छ । भनेर हामीले यो सदनमा एउटा संकल्प प्रस्ताव पारित गर्यौ तर पनि त्यसलाई कार्यान्वयन गर्ने कुरामा यदाकदा फेरी पनि नाक छोप्नु पर्ने अवस्था सृजना भएको छ । त्यसैले त्यसलाई कार्यान्वयन गर्ने दिशातिर जाओस भनेर यो सिंगो सदन एक ढिक्का भएर अगाडि बढ्नुपर्ने कुरामा पुरै एकतावद्ध भएर अगाडि जानुपर्ने कुरामा यो सदन सहमत छ जस्तो मलाई लाग्छ त्यसैले अर्को कुरा सँग सँगै मैले हुन त हामी हिजोका दिनमा धेरै ठाउँहरुमा लेलिनले भन्नु भएको एउटा कोटेशन बारबार भन्ने गथ्यौ कतै संसदिय व्यवस्था प्रति प्रश्न त्यहि ढंगले पनि आईराखेको हो कि भन्ने चिन्ता लाग्न थालेको छ । हाम्रो पद्धती कता जादैछ । हाम्रो चुनावको सिष्टम जो छ त्यसले अत्यन्तै निम्न बर्गलाई प्रतिनिधित्व नगर्ने खालको अलि पुजिपतिहरु मात्रै राज्यको माथिल्लो निकाय सम्म पुग्ने खालको जुन संसदीय परिभाषाको जुन अभ्यास हुन लागेको

छ यसले राजनैतिक रुपमा ठुलो एउटा निराशा राजनैतिक गर्ने अभियानमा समाज परिवर्तनको एउटा अगुवाई गर्ने एउटा अभियान्ताहरुलाई निराशा बनाउने खालको छ यो प्रति पनि बहस गर्नुपर्ने ठाउ हामी पुगेका छौ । हामीलाई थाहा छ अहिले चुनावको पद्धती कस्तो भैसक्यो भने हामी समाजवादको कुरा गरिराखेका छौ यहा अभ्यास पुजीवादको भैराखेको छ । कुरा पुजीवादका भैराखेका छन् सभामुख महोदय, एउटा वडा अध्यक्ष लड्दा खेरि २५-३० लाख रुपैया खर्च गर्नुपर्ने सिस्टममा हामी प्रवेश गरेका छौ । एउटा नगरपालिकाको मेयर, एउटा पालिकाको अध्यक्ष लड्नका लागि एक करोड खर्च गर्नुपर्ने पद्धतीको हामी अभ्यास गरिराखेका छौ । माननीय लड्दाखेरि त दुई ढाई करोडको खर्च गर्नुपर्ने नभए चुनाव नजित्ने हो कि खल्ती छामेर चुनाव लड्नुपर्ने अवस्थाको जो सृजना हुन खोजिराखेको छ यो कुराको अन्त्य गर्नका निम्ती हामी एक ढिक्का भएर अगाडि बढ्नु पर्छ नभए शासन सत्ता बदलिने तर नियती उहि रहने खतरा रहन्छ । त्यसका लागि यो सभामुख मार्फत यो हाउसलाई मात्रै जानकारी पुऱ्याएर पुग्दैन संघीय सरकार र केन्द्रका नेताहरुलाई पनि हामीले यसको बारेमा ध्यानाकर्षण गराउनुपर्ने हुन्छ । त्यसैले यो पद्धती सुधार गर्नुपर्ने खाचो महशुस हुन थालेको छ । र अर्कोतिर हामीले बहस गर्नुपर्ने समृद्धिका कुरा त गरिराखेका छौ हामी समृद्धिका कुरा गरिहदा यदाकदा एकाधिकार पुजीवादको कुरा पनि आई राखेको छ । विश्वव्यापि रुपमा अहिले हाम्रा जस्ता मुलुकहरु जो विकासउन्मुख मुलुकहरु विकाशिल मुलुकहरु माथि लगानीको निम्ती थुप्रो बाताबरण सृजना छ । बाताबरण अत्यन्तै अनुकुल छ किन कि हाम्रो श्रम शक्ति अत्यन्तै सस्तो छ । हाम्रा काम गर्ने मान्छेहरु सस्तोमा काम गरिदिन्छन् । हाम्रा मजदुरहरुको उपयुक्त ज्याला छैन युरोप जस्ता मुलुकहरुमा निश्चित ज्याला तोकिएको हुन्छ । नेपालका मजदुरहरुले युरोपको खाडिमुलुकहरुमा गएर काम गर्नुपर्ने स्थिति छ । तर पुरै यो भुमण्डिकरण र विश्व अर्थतन्त्र सिमित मान्छे मुठ्ठिभर मान्छेको हातमा जान खोज्दैछ जहा श्रम सस्तो छ । त्यो ठाउमा लगानी गर्ने परिपाटिको विकास हुन खोज्दैछ । त्यसका लागि हामीले हाम्रो राष्ट्रिय पुजी निरुत्साहित हुने खतरामा छ । राष्ट्रिय पुजी निर्माण नगरिकन हामी समाजवादमा प्रवेश गर्न सक्दैनौ । हाम्रो कच्चा पदार्थ, हाम्रो माल विक्रि नहुने अवस्थामा जो पुगेको छ यसको विषयमा बहस नगरि समाजवादको जुन कुरा गरिराखेका छौ । समाजवादमा पुगिदैन त्यसैले समाजवादमा पुग्नका लागि राष्ट्रिय अर्थतन्त्रको राष्ट्रिय पुजीको विकास गर्नुपर्छ । राष्ट्रिय पुजीको विकास गर्नका निम्ती दलाल पुजीलाई निरुत्साहित गर्नुपर्छ र हाम्रो उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ । तर ठिक उल्टो भैराख्याछ । अब त यस्तो पनि लाग्न थालि सक्यो कि समाजवाद भनेपनि हामी हाम्रो जस्तो मुलुकहरु कतै समाजवादको निम्ती फलामका चिउरा त हुने होईनन भन्ने खालको बोध हुन थालिसक्यो अहिले त्यसैले गर्दा यो विषय पनि एउटा हाम्रो मात्रै मुद्दा नभइकन यो राष्ट्रिय एजेण्डा हो जस्तो मलाई लाग्छ । अर्कोतिर प्रदेश सरकार र प्रदेश सदनको सन्दर्भमा प्रदेश सरकार र प्रदेश सदन मुख्य रुपमा प्रदेश सरकार र नीति निर्माणको तहमा प्रदेश सदन यो प्रदेशको सन्दर्भमा मुख्य एक्टरको भूमिका निभाउनुपर्छ । सँगसँगै प्रदेश सरकारले प्रदेश भित्रका सम्पूर्ण भुगोल, क्षेत्र र निकायहरुलाई सन्तुलनकारी भुमिका निभाउनु पर्ने जरुरी पनि छ भने एकातिर अर्कोतिर संघीय सरकारको हस्तक्षेपकारीका विरुद्ध डटेर सामना गर्नुपर्ने कुरा पनि छ । दुई नं. प्रदेशले प्रहरी ऐन केन्द्रले स्वीकृत नगर्दा पनि प्रहरी ऐन ल्याई रहदा हामीले प्राप्त गरेका हामीले ल्याउन सक्ने ऐनहरु पनि ल्याईराखेका छैनौ त्यसैले गर्दा त्यसका निम्ती द्रुत गतिमा अगाडि बढ्नुपर्छ । र प्रदेश योजना आयोग देखि लिएर अहिले हाम्रो प्रदेश लोकसेवा आयोगको एउटा खालको ऐन बन्ने प्रक्रियामा पनि हामी छौ । त्यसैले गर्दा हामी लिने कुराहरु यो अधिकार पनि के हो भने सजिलै कसैले पनि हस्तान्तरण नगर्ने ऐतिहास हाम्रा अगाडि छ त्यसैले हामीले त्यो लडेर प्राप्त गर्ने कुरा पनि रहेछ । त्यसैले एकचोटि संघर्ष मैले किन भने भने संघर्षको एउटा थलोमा परिणत गर्यौ भने मात्रै आगामी यो सदन आगामी पछिल्लो पुस्ताका लागि यो सदन एउटा ऐतिहासिक थलो बन्न सक्छ त्यसका निम्ती एउटा खालको हामीले खरो उत्रिनुपर्ने जरुरी छ र सँग सँगै नेतृत्वको प्रश्न पनि नीति र नेतृत्वको प्रश्न नीति जति महत्वपूर्ण छ त्यहा भन्दा कैयौ गुणा नेतृत्वको प्रश्न छ । दुनियामा नेतृत्व नीति मात्रै राम्रो हुदा पनि नेतृत्वले

त्यहि अनुसारको ईच्छा शक्ति नदेखाएर देश द्रुत गतिमा विकास नभएका ऐतिहासहरु हामीले देखेका छौ । तपाई हामीलाई थाहा छ नीति सँग सँगै नेतृत्व अब सुदूरपश्चिमले सुदूरपश्चिमको सरकार भित्रबाट पनि हामीले देख्यौ अघिल्लो नारा मोदी सरकारको थियो दो बार मोदी सरकार अहिले हामीले देखि सक्यौ त्यस्तो खालको नेतृत्व हामीले हुन त उनिहरु सँग ईण्डिया सँग पद्धती छ त्यहि पद्धतीबाट मोदी उदाएका हुन । त्यसैले गर्दा हामीले हाम्रो पद्धती सँग सँगै नीति र नेतृत्वको विकास गर्नुपर्ने कुरा जो छ । त्यसका निम्ती पनि ढीलाई नगरिकन अब खरो उत्रिनुपर्ने हाम्रो नेतृत्वले गतिशिल हुनुपर्ने, हाम्रो नेतृत्वले सन्तुलनकारी हुनुपर्ने हाम्रो नेतृत्वले दुरगामी हुनुपर्ने खाचो जो छ त्यो खाचोको अझै पनि खट्कीएको महसुस हामीलाई हुन्छ त्यसैले गर्दा एउटा गतिमा त गइराखेको छ तर त्यो गतिले पुग्दैन हाम्रो सुदूरपश्चिमले छिटो भन्दा छिटो विकास चाहेको छ किन कि केन्द्रबाट हिजोका दिनमा ठगिदै आएको हाम्रो सुदूरपश्चिमले द्रुत गतिको माग गरिराखेको छ त्यो द्रुत गतिको एउटा खालको अवस्थालाई चुम्नका लागि हामीले ती खालको नेतृत्वको पनि माग गरेको छ । त्यसैले गर्दा तपाई हामी सबै उत्रौ त्यहि ढंगले अगाडि बढ्नका निम्ती म अनुरोध गर्न चाहान्छु । यति कुरा राख्दै म विदा भए धन्यवाद ।

माननीय रण बहादुर रावल :- माननीय सभामुख महोदय, यो विशेष समयको लागि धन्यवाद छ । म आज फरक विषयमा विशेष गरि संघीय र प्रादेशिक गौरवका योजनाहरुका सन्दर्भमा नेपाली कंग्रेस संसदीय दलको तर्फबाट केहि योजना बन्ने क्रममा केहि सहयोगी बन्न सक्छन् कि भन्ने सन्दर्भमा यस गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु । अरु पूर्ववक्ता माननीयजीले भनेका कुराहरुमा म धैरै सहमति पनि छु अहिले यो वर्तमान अवस्थामा नेपालको कुल व्यापार घाटा झण्डै झण्डै १२ खर्ब **<u>५६ करोड ६७ करोड</u>** रुपैया बाहिर आई सकेको छ । व्यापार चाहि भएको त्यस मध्येको घाटा नै दश खर्ब ९९ अर्ब रुपैया भन्दा बढी छ । अब त्यसैले सम्पूर्ण कुराहरु झण्डै झण्डै ११ खर्ब ७८ अर्ब रुपैया भन्दा बढी चाहि हाम्रो चाहि आयात भैरहेको छ । निर्यात बहुतै सानो छ । त्यस कारण चाहि अहिलेको माननीय मन्त्रीजी हाम्रो योजना मन्त्री आर्थिक मामिला मन्त्रीजी र यो सरकारले विशेष गरि आयातलाई भन्दा निर्यातलाई कसरी ध्यान दिने र त्यसलाई बल पुग्ने खालका योजनाहरु चाहि बढी फोकस गर्नुपर्छ भन्ने मेरो अनुरोध छ । माननीय सभामुख महोदय अस्थि भर्खरै ११ गते हामी यो एयरपोर्ट गेटा एयरपोर्टको सन्दर्भमा हामी निरिक्षण भ्रमणमा गएका थियौ । त्यो जाने क्रममा यदि साच्चिकै हामी हरेकचोटि ओहोर दोहोर गरेका छौ तर त्यहाको अवस्था हेर्दा बास्तवमै बहुतै दयनिय अवस्था छ । आज झण्डै झण्डै ५६ सय के.जी.को वयटले मात्रै धान्न सक्ने एयरपोर्ट त्यहा ३२ हजार किलोका जहाजहरु उत्रेका रहेछन् । जबकी त्यसको केहि फिट तल ५ फिट मुनि दलदले माटो रहेछ त्यो माटोको प्रोफाईल पनि भेटिएन त्यहा भित्रका यावहत कुराहरु हेर्दा खेरि साच्चिकै सुदुरपश्चिका मान्छेहरुलाई यावत जति देख्छौ एकदम दयनिय अवस्था छ माननीय सभामुख महोदय, अब हरेक दश बर्षमा त्यसको ब्याकटप भनेको कालोपत्रे फेरिनु पर्दो रहेछ । त्यो मापदण्डहो, त्यो नियम हो । त्यहा दश बर्ष होईन चौध बर्ष भैसक्दा पनि फेरिएको रहेनछ अब शुरु हुन लागेको छ । त्यस कारण चाहि यि कुराहरु देखि अर्को त्यो एयरपोर्टमा यति महत्वपूर्ण एयरपोर्ट जो सुदूरपश्चिमको अन्तराष्ट्रियस्तरको होला भनेको त अहिले हेर्दा खेरि त त्यहा भित्रको वायर जो ठेकेदारले काम गर्ने क्रममा हाई भोल्टेज वायर पनि थिचे तोडिएको छ । अब यसबाट चाहि विगत झण्डै २२ गतेबाट बैशाख २२ बाट अर्को जेष्ठको २१ सम्म सम्पन्न गर्ने भनेर भनेको जो सरकार सँग सम्झौता गरेको छ त्यो चाहि एउटा सपना हुने स्थिति छ । अझ एक डेढ महिला अरु थप लाग्ने स्थिति छ । त्यस कारण चाहि यो सदनलाई गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु र यो सरकारले पनि कमसेकम यति महत्वपूर्ण योजनाको बारेमा हामीले कत्तिको ध्यान दिएका छौ र आज सावधिक जिवन अस्थव्यस्थ अवस्थामा छ त्यो अवस्थालाई चाहि कसरी ध्यान दिने त्यो ठुलो कुरा हो र अर्को यसैमा अर्को उत्तर पनि के छ भन्दाखेरि अब अहिले आएर म माटोको प्रोफाईल गर्नु भने यहा लज्जित हुने स्थिति छ । त्यस कारण चाहि

कमसेकम यसलाई एउटा रिजिनल हबको रुपमा क्षेत्रिय हबको रुपमा एउटा एयरपोर्टको रुपमा सोचेर त्यसलाई अन्तराष्ट्रिय लेबलको सोचेर त्यसको कम्पीलिट प्रोफाईल तयार गरियोस र यो सरकारले राष्ट्रिय गौरवको मात्रै होईन राष्ट्रिय गौरवको प्रदेश सँग जोडिएर एउटा विशेष गौरवको योजना बनाएर यसमा कमसेकम पाच सय विगाहा जति अधिग्रहण गर्नुपर्ने स्थिति छ । जसको कारणले भोलीको दिनमा यो अन्तराष्ट्रिय एयरपोर्ट पनि बन्न सक्छ र अहिले ईमिडियटली दुई चार बर्ष रिजिनल हब पनि बन्न सक्छ त्यसपछि सरकार अगाडि बढोस यसको लागि चाहि आउदो सालमा विशेष ध्यान दिएर अगाडि बढोस भन्ने म एउटा यहा सँग माग पनि गर्न चाहान्छु । अर्को यसै सन्दर्भमा महाकाली कोरिडोरको कुराहरु झण्डै झण्डै हामीले बारम्बार भनिरहेका छौ विगत दुई बर्ष अघि सुरुको ०७४।०७५ मा हामीले भनेका थियौ प्रस्तुत पनि गरेका थियौ महाकाली कोरिडोर जो मार्ग छ जो टिङ्कर सँग जोड्ने ऋभ पनि त्यसमा केहि पनि ... छैन ६४ किलोमिटर ट्राक समेत बनेको छ । माननीय मन्त्रीजी यहा हुनुहुन्छ पूर्वाधार मन्त्रीज्यू उहालाई बढी थाहा होला तर यसमा के गर्नुपर्छ पर्दैन संघीय सरकारले के गर्ने हो । हामीले के गर्ने हो त्यसमा संघीय छ भनेर चुप लागेर बस्ने हो कि हाम्रो चाहि विकास अगाडि बढाउने हो त्यसमा सोच्नुपर्ला जस्तो छ । अर्को कुरा छ तेस्रोमा दैजी जोगबुडाको पर्शुराम धामको कुरा छ त्यो बहुतै महत्वपूर्ण धाम आज राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा परिचय भएको धाम छ । जो चाहि डडेल्धुरामा पर्छ । तर त्यो केवल ३२ किलोमिटर छ माननीय मन्त्रीजीको क्षेत्र जस्तो लाग्छ उहाले २-४ करोड छुट्याउनुहोला त्यो अर्कै कुरा हो किन कि उहाले एकै अरब छुट्यायो भनेपनि हामी गाली गर्नेवाला छैनौ कमसेकम एउटा काम त देखियोस एउटा प्रदेशको गौरवको योजना बनाऔ त्यो मेरो अनुरोध छ । त्यसपछि अर्को छ धनगढी, खुटिया, दिपायल यो फास्टट्राक छ जसको केवल ८५ किलोमिटर बाटो छ यसलाई हामीले बारम्बार भनिराछौ अझ पनि बारम्बार अनुरोध गर्न चाहान्छु । साच्चिकै पैसा चाहि बचिरहने, फ्रज भएर बस्ने एकातिर यस्ता योजनाहरु छन् संघको कारणले, प्रदेशको कारणले यो कारणले भनेर चाहि अनेक थरीका चाहि कुराहरु ल्याएर बल्झेको छ यसलाई तुरुन्त चाहि यसलाई चाहि यो सरकारले अवलोकन गरेर कमसेकम केहि सक्ने क्षमता छैन भने कमसेकम धनगढी देखि त्यो राजमार्ग सम्म पर्ने जम्मा १० किलोमिटर त बनावस त्यसको लागि ४०, ५० करोड भए पुग्छ । माननीय सभामुख महोदय यसमा ध्यान जाओस । अर्को त्यसपछिको अर्को बहुतै महत्वपूर्ण योजना छ खकरौला, टिकापुर, बझाङ्ग, उरैलेखको यो सेती लोकमार्ग अथवा कैलशमार्गको रुपमा दर्ज पनि छ । २८५ किलोमिटर छ यसको अब यो बहुतै गम्भिर हिसाबले कक्षुवा तालमा अगाडि बढेको छ । अहिले तपाई टिकापुर जानुहुन्छ भने धुलै धुलो जस्तो यहा चाहि खुटिया छ त्यस्तै अवस्थामा छ । बहुत दयनिय अवस्था छ सुन्दा पनि हेर्दा पनि हरेक मन्त्रीज्यूहरु जानुहुन्छ तर केहि गर्नुहुन्न भने यो प्रदेश सरकारकै ईज्जतको कुरा आई सक्या छ । मैले भन्नु केहि छैन त्यहि भएर तुरुन्तै यो सरकारले कुन तरिकाले हुन्छ आउदा सुरुमा एडजस्ट गरेर अगाडि बढोस । अब यहि सन्दभमा अर्को महत्वपूर्ण योजनाको सन्दर्भमा जस्तो हामले हेरिरहेका छौ कर्णाली करिडोर जो चाहि चिसापानि हुदै माथि हिल्सा सम्म जाने बाटो छ । अछाम देखि लिएर दैलेख देखि लिएर सब्बै जोडिन्छ । त्यसमा बहुतै यसलाई चाहि प्राथमिकता दिनुपर्छ । संघले पनि अलिकति छुन खोजेको छ त्यसलाई जोडेर काम गरोस भन्ने भन्न चाहान्छु । त्यसपछि अर्को एउटा महत्वपूर्ण कुराहरु के छ भन्दाखेरि अस्थि भर्खर बहुतै हाम्रो सामाजिक विकास मन्त्रीजीले हामीलाई सदासय देखाएर बोलाएका थियौ अलिकति केहि शब्दहरु उहाले पनि राख्नुभा छ । जस्तो प्राविधिक विश्वविद्यालयमा सकभर प्राविधिक विधेयक ईमिडियटली यहि बर्षेयाममा यहि बर्षे सदनमा पेश होस र प्राविधिक विश्वविद्यालय ल्यायो भने आउदा दिनहरुमा यो प्रदेशका कमसेकम जनशक्तिहरु प्राविधिकहरु निस्किन सक्छन् भन्ने आशा गर्न सकिन्छ । त्यसपछि अर्को एकदमै महत्वपूर्ण योजना समावेश हुनै पर्ने योजना छ । खेलकुद यो स्पोर्ट ऐकेडेमी जो टिकापुरमा झण्डै झण्डै २७ विगाहा जमिन त्यहि एकेडेमिले छुट्याईदिएको छ अलग्गै लालपूर्जा सहितको त्यस्तो ठाउमा कमसेकम स्पोर्ट एकेडेमी भनेको कम्पीलिट अन्तराष्ट्रिय, राष्ट्रिय स्पोर्ट गर्दा त्यहा चाहिई इनआउस ट्रेनिङ हुनेखालको हो । त्यसको गम्भिर कुराहरु छ जो

राष्ट्रमा अहिले सम्म छैन यो सुदूरपश्चिमले राख्न सक्छ । त्यसको लागि चाहि ईमिडिएटली योजना बनावस भन्ने म अनुरोध गर्न चाहान्छु । अर्को एउटा चाहि सुदूरपश्चिमको अस्थि कुरा पनि उठेको थियो । ट्रमा सेन्टर अहिले नेपालीहरु हरेक दिन एक्सीडेन्टमा परिरहेका छन् । बाटो घाटोको अवस्था दुराअवस्था भएको कारणले होला त्यस कारणले चाहि सुदूरपश्चिमको ट्रमा सेन्टर पनि यो हाईवे महेन्द्रनगर देखि लिएर कमसेकम चिसापानिको विचमा जुनसुकै ठाउमा राख्नुस एउटा महत्वपूर्ण ठाउमा यो ट्रमा सेन्टर ईमिडियटली राख्नुपर्छ । यसको लागि माननीय सभामुख महोदय मार्फत म चाहि यो सरकारलाई भन्न चाहान्छु । त्यसपछि गएर अर्को छ त्रि त्रिवेणी धामी त्रि त्रिवेणीधाम भनेको सेती र कर्णाली मिसिएको ठाउ एउटा त्रिवेणी धाम भो भेरि र कर्णाली मिसिएको एउटा त्रिवेणी हो त्यसपछि मोहना र कर्णाली मिसिएको अर्को त्रिवेणी धाम हो । यसलाई तीनवटै त्रिवेणी धाम यति नजिक भएको हुनाले अलिकति अहिले पर्यटन मन्त्रालयलाई यसो डिपिआरको सन्दर्भमा कुरा उठाएको छ त्यसलाई साच्चिकै प्रदेशको गौरवको योजना भनेर शुरु गरोस यो साच्चिकै सुदूरपश्चिमको कायापलट गर्न सक्छ यसको लागि म चाहि ध्यानाकर्षण गर्न चाहान्छु । त्यस पछि अर्को एउटा महत्वपूर्ण छ कर्णालीमा झण्डै हजार देखि बाह्र सय हेक्टर जमिन उकास्ने त्यसलाई भन्छ ल्याण्ड भिकलिनेशन भुमिको बहुत समस्या छ अहिले त्यसकारण चाहि त्यसको कमसेकम अध्ययन गरेर मलाई लाग्छ त्यसको १२ सय हेक्टरलाई कमसेकम हामीले उजागर गर्यौ रिक्लेन गर्न सक्यौ भने त्यसले पनि ठुलो योजनाहरु त्यहा राख्न सकिन्छ । नदीको विचमा पनि त्यसलाई ध्यान दियोस अर्को औद्योगिक क्षेत्रको बहुतै ईम्प्रोटेन्ट कुरा छ बारम्बार कुरा उठेका छन् गर्नुपर्छ भनेका छन् धेरै यस सम्बन्धमा विगतमा धेरै योजनाहरुमा भए होला ति अध्ययनको बारेमा यहा त्यति भनिएको छैन अनुसन्धानको बारेमा भनिएको छैन । धेरै अरु डिपिआर बनाएको छु भनेका छन् तर एउटा बेदकोटको अलि सुनिएको छ, खुटियाको बारेमा त्यति सुनिएको छैन त्यसपछि चिसापानिको कुरा सुनिएको छ त्यस कारण चाहि पहाडि कुन कुन ठाउमा के हुन सक्छन यो सालमा कमसेकम ईमिडियटली त्यसको कार्यान्वयन होस र कमसेकम यो प्रदेशले फिल गरोस कि अब साच्चै औद्योगिक क्षेत्रहरु बन्दैछन् त्यसको लागि चाहि विशेष ध्यान दिइएको छ यो पनि प्रादेशिक एउटा गौरवको योजना बनोस । अर्को यसै सन्दर्भमा खप्टड रिङरोडको कुराहरु थियो खप्तड रिङरोडलाई पचास करोड हामीले छुट्याउनु भनेका थियौ तर पाच करोड छुट्याएको थियो आज कुन अवस्थामा छ माननीय पर्यटन मन्त्री यहा हुनुहुन्छ उहाले बुझ्नु भएको होला छुट्याउने मात्रै हो कि केहि भैराछ कि त्यस बारेमा यो सदनलाई पनि आवस यसलाई चाहि विशेष गौरवको योजना राखियोस । अर्को यातायातको सन्दर्भमा पनि गौरवका साथ हाम्रो अर्थमन्त्रीले भन्नु भा थियो अब सुदूरपश्चिममा हाम्रा यातायातहरु हाम्रा राम्रा राम्रा बसहरु गुड्छनु नआत्तिनुस भनेर बडा हसिलो स्वरले भन्नु भा थियो अहिले कहा गए ति बस, कहा छ त्यो पैसा, के भैराछ त्यसको बारेमा पनि यस सदनलाई जानकारी होस र यदि राम्रो भयो भने अगाडि बढाईयोस र जडिबुटि प्रशोधनको बारेमा पनि ठुलठुला कुरा उठाएर रोजगारीका कुराहरु थिए जडिबुटि प्रशोधन पनि के हो त्यो २८-३० करोड कति थियो कहा छ त्यो त्यस कारण चाहि माननीय सभामुख महोदय, यसै सन्दर्भमा एउटा कुरा महत्वपूर्ण के छ भने आवाज यो संसदको गरिमा उठिसकेको छ । म चाहि प्रत्यक्ष लडेको भएता पनि समानुपातिक माननीयहरुले वडा गम्भिरतापूर्वक विभेद नहोस भनेका छन् । यसलाई पनि माननीय मन्त्री, अर्थमन्त्रीजी लगायत यो सरकारले ध्यान दिइयोस कमसेकम यो कुरा उठेपछि यसलाई समाधान गर्नुपर्छ यो चाहि दबाव दिएर चल्छ वा यो सरकारमा हाम्रो बहुमत छ भन्ने नसोच्नुस एकदिन त्यसले पनि दुर्घटना निम्त्याउन सक्छ । माननीय सभामुख महोदय, यसमा पनि विशेष ध्यान जाओस त्यस पछि अर्को छ एउटा प्रतिपक्ष र सत्तापक्ष भन्ने कुरा होईन त्यहा पनि विभेद भएको छ । एउटा अर्थसमितिबाट एउटा चाहि मिनि पाइरलामेन्टबाट आएको पास भएर आएका चिजहरुलाई पनि यहा अहिलेको सरकारले प्रमुख प्रतिपक्ष दलको नेताले कमसेकम एउटा सानो सुविधा पाउनुपर्छ गाडिको भन्दा त्यो पनि कटाईएको छ । सचेतकलाई पनि कटाईएको छ । त्यस कारण अरु के छ ठिक छ अरु खर्च कटाउनुस यदि सरकारलाई

अगाडि बढाउनु छ भने हामीले पाएका सुविधा पनि कटाउनुस हामी तयार छौ । होईन भने एकातिर खर्चहरु मनपरि भैराछन् अर्कोतिर दिनुपर्ने र गर्नुपर्ने खर्च नगर्दा खेरि यसले अलिकति यो पनि विभेद भा को छ यसमा पनि गम्भिर मेरो प्रश्न छ, हाम्रो प्रश्न छ । त्यसपछि र यसै सन्दर्भमा चाहि यो जुन वितरणमुखि बजेटलाई कृपया अनुरोधका साथ म भन्न चाहान्छु । अझ पनि तपाईहरुले वितरमुखि बजेट ल्याउनु भो भने हामी कतैपनि साथ दिनेवाला छैनौ । जुनसुकै परिस्थितिमा पनि तपाईहरु सँग जुध्न तयार छौ । संख्यामा कम हौला तर हामी के चाहान्छौ भन्दाखेरि यो प्रदेशको उन्नती प्रगतिमा साथ हुने खालका योजनाहरु ल्याउनुहोस साथ दिन तयार छौ होईन भने हामी कुनै तवरले पनि यस्ता कुराहर पास हुन दिनेवाला छैनौ । त्यसका लागि हामी जे सुकै तवर पनि अगाडि बढ्न तयार छौ । त्यस कारण माननीय सभामुख महोदय, यस सन्दर्भमा चाहि विशेष यो गरिमामय सभालाई यो गरिमामय सदनलाई म अनुरोध गर्न चाहान्छु । यो सरकारले कमसेकम गम्भिरताका साथ प्रतिपक्ष होस, सत्तापक्ष होस सबैलाई समानुपातिक हिसाबले यो चाहि समानताको हिसाबले एउटा ३२ वटा निर्वाचन क्षेत्रलाई के गर्नुपर्छ र त्यो पनि विशेष गरि २०७२ र भाग ३ को मौलिक अधिकारको जुन यो ३० वटा बुदाहरुलाई ध्यान दिएर गरोस यो मेरो अनुरोध गर्न चाहान्छु । अन्तमा शान्ति सुरक्षाको सर्न्दभमा अहिले बास्तवमा देश त्रायमानको अवस्थामा छ । देश विविध विगतका समयहरुमा देश त्रायमान सकभर अहिले देश बहुतै अस्थिरतामा गुज्रीदैछ यस्तो दुईतिहाईको सरकारले यत्रो शासन चलाईरहेको छ आज किन यो अवस्था आईरहेको छ एउटा विप्लव भन्ने समुहबाट यत्रो घटनाहरु भैरहेको छ । कमसेकम आज हरेक कुराहरु लोकतन्त्रमा बार्ताबाट समाधान हुन्छन् । कडाई पनि गर्ने बार्ता पनि गर्ने बार्ता गर्ने सन्दर्भमा जब प्रमुख व्यक्तिबाट नै एउटा किसिमको जिस्क्याईने कामहरु भैरहेको छ । जुन प्रमुख व्यक्तिहरुबाट पनि चिडाउने काम भैरहेको छ । त्यो प्रवृत्ति मलाई लाग्छ त्यति राम्रो होईन त्यस कारण सच्चिएर छिटोमा छिटो शान्ति प्रक्रियालाई अगाडि बढाएर के कस्ता मागहरुका सन्दर्भमा गम्भिर भएर सरकारले ल्यावस यो सरकारले भनेको प्रदेश सरकारले सक्दैन भने संघीय सरकारले पनि यसमा ल्याउनलाई प्रदेश सभाले ध्यानाकर्षण प्रस्ताव केन्द्रमा पठाओस संघमा पठाओस भन्ने अनुरोध गर्दै समयको लागि धन्यवाद नमस्कार ।

माननीय पूर्णा जोशी :- माननीय सभामुख महोदय, घोडाघोडी नगरपालिकाका उपप्रमुख प्रेम कुमारी थापा माथि अस्थि जेष्ठ ६ गते भएको दुव्यवहार प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । आफ्नै कार्यकक्षमा अज्ञात युवाद्धारा उहा दुव्यवहारमा पर्नुभएको छ । उहाको यो घटना एउटा जनप्रतिनिधीको हिसाबले अत्यन्तै निन्दनीय र गम्भिर घटनाको रुपमा हामीले बुझेका छौ । उहा माथि न्याय हुनुपर्छ भन्ने कुराहरु मैले जोडदार रुपमा माग राख्न चाहान्छु । स्थानीयत तहका उपप्रमुख विशेष गरिकन यो प्रदेशमा महिलाहरु मात्रै हुनुहुन्छ । उहाहरु न्यायिक समितिको संयोजक पनि हुनुहुन्छ । अनुगमन समितिको संयोजक पनि हुनुहुन्छ । स्वभाविक जनता सँग जोडिएका जनताका पिरमार्का अन्यायको छिनोफानो गर्ने केहि मुद्दाहरु उहाहरुले छिनोफानो गर्नुहुन्छ । आफुलाई चित्त नबुझेको न्याय अथवा अन्यायमा परेका मान्छेहरुले त्यो ईस्युलाई लिएर उहाहरुको घरमा जाने, उहाहरुको कार्यालयमा जाने र महिला भनेका केहि पनि होईनन यिनिहरुलाई जे पनि गर्न हुन्छ भन्ने किसिमको जुन प्रयोगहरु भैराछ । हिजोको पृत्रिसतात्मक सोचले त्यो किसिमको दुव्यवहार गरिराछ । यसका प्रति म एकदमै खेत व्यक्त गर्न चाहान्छु र प्रेम कुमारी थापालाई न्याय हुनुपर्छ भन्ने माग राख्न चाहान्छु । अहिले प्रयोगमा के भैराख्या छ भने उपप्रमुख अथवा उपमेयर भनेका उपप्रमुख भनेका नगर प्रमुखका उपप्रमुख हुन भन्ने बुझाई छ जनताका उपप्रमुख हुन भन्ने नगरपालिकाका उपप्रमुख हुन भन्ने बुझाई भा को छैन । त्यो महिला भएको कारणले गर्दाखेरि त्यस्तो भा छ । त्यस कारणले गर्दा खेरि उहाले एउटा डेलिकेशन सहित माननीय मुख्यमन्त्रीज्यू समक्ष पनि त्यो पेश गर्नु भएको छ । अब प्रदेश सरकारले यसलाई गम्भिरतापूर्वक लिन्छ भन्ने हाम्रो विश्वाश हो र लिनुपर्छ भन्ने कुराहरु जोडदार रुपमा माग राख्न चाहान्छु । उहालाई चाहि बलात्कार गर्छु, यो हामीलाई जागिर दिने भए दे होईन भने तलाई

देखाईदिन्छु भन्ने खालका धम्की आएका छन् । यसको सुरक्षा महिलाहरुलाई विशेषगरिकन महिलाहरुलाई गरिने सुरक्षा कसले गर्ने जनप्रतिनिधीहरुलाई गरिने सुरक्षा कसले गर्ने जतिखेर पनि उहाहरुले चाहि एउटा दुव्यवहारमा हिंसामा पर्ने किसिमको अवस्था छ । त्यसका प्रति म गम्भिर ध्यानाकर्षण गर्न चाहान्छु । पछिल्लो समय यो अपराधका घटनाहरु, अपराधका प्रवृत्तिहरु, अपराधका प्रकृतिहरु बढ्दै गैराख्याछन् । यो क्षेत्र भनेको विशेषगरिकन अब यो लागुऔषधहरुको हबको रुपमा विगत देखि नै एउटा यो केन्द्र हो धनगढी यसको सिकार हिजो मात्रै एउटा युवा बसपार्कको एउटा होटेलमा भएका छन् त्यस कारणले गर्दाखेरि लागु औषध ओसार पसार, लागु औषध बेचविखनलाई अत्यन्त कडा ढंगले चाहि हेरिनुपर्छ त्यसप्रति म आन्तरिक मामिला तथा कानूनमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहान्छु । आर्थिक बर्ष २०७७ को नीति तथा कार्यक्रमहरु प्रिनीति तथा कार्यक्रमहरु हामीले सरकारको हामीले पाई सकेका छौ र त्यसमा सबै माननीयज्यूहरुले आफ्ना सुझाव राख्नु भाको छ । विशेष गरिकन यो प्रदेशलाई हामी के बनाउछौ भन्ने कुराहरु यो नीति तथा कार्यक्रम र आर्थिक बर्ष २०७६।०७७ को बजेटले ल्याउने भएको हुनाले यो क्षेत्र, यो प्रदेश एउटा ब्राण्ड हुनुपर्छ । यतिखेर यसले पाईला टेक्नुपर्छ भन्ने कुरा म गम्भिर रुपमा राख्न चाहान्छु । हामी कतिदिन चाहि युवाहरुलाई बेरोजगार बाहिर निर्यात गर्ने प्रदेश बन्ने, कतिदिन हामी प्रथा र परम्पराको नाममा परिचित गराउने प्रदेशको रुपमा हामी रहि राहने त्यस कारणले गर्दाखेरि आगामी आर्थिक बर्षमा केहि नभए पनि यो क्षेत्रको प्रमुख पर्यटकीय सम्भावना भएको ठाउ के हो त्यसलाई कसरी विकास गर्ने भन्ने कुराहरु प्याकेज आवस । त्यसै गरिकन त्यसको निमित्त चाहिने पूर्वाधारहरु के हुन भन्ने कुराहरु प्राथमिकता पावस भन्ने कुराहरु म राख्न चाहान्छु । यो क्षेत्रमा, यो प्रदेशमा विशेषगरिकन २०६२।०६३ भन्दा अगाडि प्लेन चल्ने थुप्रै ठाउहरु छन् मेरो दिपायलमा पनि हामी प्लेनमा जाने गर्थेउ त्यस्तै गरिकन बझाङ्ग लगायतको कंचनपुर लगायतका एयरपोर्टहरु संचालनमा थिए । बाटोको विकास भए सँगै एयरपोर्ट चाहिदैन भन्ने खालको कुरा भयो । बर्गिय हिसाबले एयरपोर्ट प्रयोग गर्ने मान्छेहरु पनि छन्, बाटो प्रयोग गर्ने पनि छन् र अझै पनि घोरेटो बाटो प्रयोग गर्ने मान्छेहरु पनि छन् । त्यस कारणले गर्दाखेरि यदि यो क्षेत्रको पर्यटकीय विकास गर्ने हो । तिब्रतम विकास गर्ने हो भने यो क्षेत्रमा संचालनमा नरहेका, विगतमा संचालनमा रहेका एयरपोर्टहरु पहिलो प्राथमिकतामा पर्नुपर्छ । र यो प्रदेशमा यो आर्थिक बर्षमा यो प्रदेशका यि एयरपोर्टहरु संचालनमा आउनुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु । अर्को कुरा हिमाल, पहाड, तराई नजोडिकन अथवा तराई देखि पहाड हुदै हिमाल नजोड्ने हो भने हामीले हाम्रो देश दुई मुलुक बीचको दुई ठुला मुलुक बीचको तरुल भनेर यो काहानी घोक्दै घोक्दै गएर हामी त केहि गर्न सक्दैनौ हामी दुईवटा ठुला मुलुकहरुका बीचमा छौ भनेर भन्ने कुराहरु हामीले यो पुस्तान्तरण गर्ने कुराहरु यो कथन यो कहावत हुन जान्छ । त्यस कारणले गर्दाखेरि हामी दुई ठुला मुलुकका बीचमा एउटा छुट्टै सम्भावना भएका मुलुक हौ भन्नका लागि दुईवटै क्षेत्रको ट्रेक जोड्ने व्यापार जोड्ने महत्वपूर्ण केन्द्रको रुपमा हामी हुनुपर्छ त्यसको लागि हिजो चाईनाले जसरी सिलको व्यापार गर्ने आफ्नो मुलुकलाई अहिले वान रोड वान बेल्टको रुपमा युरोप र अफ्रिकालाई जोडेर एउटा विश्व बजारमा एक छत्र राज गर्न खोजि राख्याछ । अर्थतन्त्रमा एउटा नया उदयमान एउटा सोच लिएर चाईना अगाडि बढीराख्या छ । हामीले पनि त्यो एउटा सोच लिएर अगाडि जाने हो भने हामीलाई धेरै टाढा छैन हाम्रो ७०० किलोमिटर बाटो यहाको गौरीफण्टा, त्यसपछाडि स्याउले दिपायल हुदै बझाङ्ग, उरैलेख हुदै हामीले ताक्लाकोट र मानसरोवर जोड्ने किसिमको बनाउने हो भने लाखौ पर्यटकलाई ल्याएर हामीले छुट्टै रोजगारका अवसर सृजना गरिरहन पर्दैन स्वरोजगारमा लागेर मान्छेहरुले रोजगारित हुने यो प्रदेशको अर्थतन्त्र धनी बनाउने किसिमको कामहरु गर्न सक्छन् यता तर्फ प्रदेश सरकारले विशेष गरिकन केन्द्र सरकारलाई अब भोली बजेट आउदै छ । कस्तो प्रकारको बजेट आउछ यो प्रदेशका कुन कुराहरु चाहि, कुन योजनाहरु एउटा राष्ट्रिय गौरवका योजनाहरुमा प्रर्दछन त्यो कुराहरु देख्न पाईएला तर पनि यो प्रदेशले दबाव दिने ठाउमा एउटा र आफुले प्राथमिकता दिने कुराहरुलाई विशेष महत्व दिनुपर्छ भन्ने कुराहरु राख्न चाहान्छु र यो बाटोलाई प्राथमिकता

दिनुपर्छ । त्यसै गरिकन सुदूरपश्चिम प्रदेश अहिले हामीले चाहि उत्पादनका हिसाबले हाम्रो केहि पनि मार्केटिङ भा को छैन । काठमाण्डौंको बजारमा कोदोको माग अत्याधिक छ । भटमासको माग अत्याधिक छ । यो प्रदेश त्यो चिजहरु फल्ने एउटा हब हो । त्यस कारणले गर्दा मैले अस्थि पनि नीति कार्यक्रममा बोल्दाखेरि मैले भनेको छु । भटमास, कोदो लगायतका यहाका अर्गानीकको उत्पादनहरुलाई विशेष ठुला चाहि कृषिका फर्म संचालन गरिकन किसानहरुलाई आवद्ध गरिकन अब आयात गर्ने कुराहरु कम र निर्यात गर्ने कुराहरु बढी जनतालाई धनी बनाउने कार्यक्रमहरु ल्याउनुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । र अर्को कुरा पर्यटनका निमित्त एउटा माहोल मुगुको राराले प्रधानमन्त्री गएर सम्बोधन गर्नु भा थियो प्रधानमन्त्रीले अरु धेरै केहि पनि गर्नु भएन कर्णालीले आफ्नै योजनामा चाहि मुगुमा अहिले कुनै ठाउँ कुनै गाडिहरु पाउदैन कम्तीमा दुई हप्ता अगाडि त्यहाको लोकल गाडिहरु बुक गर्नुपर्ने अवस्था आउछ, त्यहाको होटलहरु धानि राख्याछैन । त्यहाका मान्छेहरुले एउटा चिया बेच्ने मान्छेहरुले फुर्सद पाईराख्याछैन त्यो माहोल निर्माण गर्यो । हामीले पर्यटनका क्षेत्रमा के माहोल निर्माण गर्यौ । केहि पनि निर्माण गर्याछैनौ । त्यस कारणले गर्दा खेरि पर्यटनभ्रमण बर्ष सन् २०२० लाई हामीले खप्तडलाई पर्यटन बर्षको रुपमा खप्तडमा विशेष कार्यक्रम गर्ने गरिकन हामीले चाहि त्यो गरौ त्यसका पूर्वाधार तयार गर्नका लागि यो बर्षको बजेट चाहि विनियोजन गरौ । मैले मन्त्रीज्यूको ध्यानाकर्षण गर्न खोजे विशेष गरिकन उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्रालयको ध्यानाकर्षण गरे र त्यस्तै गरिकन आर्थिक मामिला मन्त्रीज्यूको मैले ध्यानाकर्षण गरे यसमा विशेष बजेटको व्यवस्था गरियोस कम्तीमा पनि पचास करोड बजेट यतिखेर खप्तडको लागि विनियोजित गरियोस हामी चार जिल्लाका माननीयज्यूहरुले त्यसका जनप्रतिनीतिज्यूहरुले त्यसको विकासको निमित्त के योजना बनाउनु पर्छ भनेर हामी साझा योजना दिनेछौ यहाहरुले बजेट विनियोजन गर्नुहुनेछ भन्ने कुराहरु राख्न चाहान्छु । हामी महिलाहरु विशेष गरिकन सहअस्थित्वको लडाईमा हामी लागेका हौ । राजनैतिमा लागेको पनि हामीले न्याय पाउने भनेको हामीले राजनितिमा संलग्न भएपछि मात्रै पाउछौ र दिन पनि सक्छौ भनेर हामी लाग्याछौ । मुलुकको र यो प्रदेशको ५२ प्रतिशत जनसंख्या महिलाहरुको छ । हामी सहअस्थित्वका लागि लाग्या हौ । अस्थित्व स्वीकार नगर्ने संग सँगै मात्र हिडाउने अस्थित्व स्वीकार नगर्ने सहभागि मात्र गर्ने निर्णय प्रक्रियामा हस्तक्षेप गर्न नदिने अथवा सहभागि नै गराउन नचाहाने यस्तो किसिमको पितृसतात्मक सोचको मानसिकताको विरुद्ध हामी राजनितिमा लागेको भएर हामी हरेक ठाउमा हाम्रो अस्थित्व सुनिश्चित गर्न चाहान्छौ । हाम्रो अस्थित्व सुनिश्चित गर्ने भनेको यो प्रदेशको महिलाहरुको, प्रदेशको युवा महिलाहरुको अस्थित्व सुनिश्चित गर्नु हो त्यस कारणले गर्दा खेरि मैले हरेक ठाउमा प्रदेशका योजना छनौट गर्ने क्रममा पनि प्रत्यक्ष निर्वाचितले यति पाउने, समानुपातिक निर्वाचनले यो पाउने पैसाको नाममा एक पैसा तल माथि घटबड गर्नु भो भने दुई करोड प्रत्यक्ष निर्वाचितले निर्णय गर्न पाउने एक करोड दिदिन्छौ ल तर्पाइलाई राज्य दिने हामी माग्ने हो हामी माग्ने हो तर व्यक्ति दिने, प्रत्यक्ष निर्वाचित दिने खटन पटन अर्काले गर्ने हामी भिक मागेर थाप्ने कुराहरु होईन हामी यसमा स्वीकार गर्न सक्दैनौ त्यस कारणले गर्दा खेरि निर्णय प्रक्रियामा महत्वपूर्ण भुमिकाको रुपमा समानुपातिक निर्वाचन प्रणालीबाट आएका महिला र विशेष गरिकन त्यो प्रणालीबाट आएका जो सुकैलाई पनि सहभागि गराउनु पर्छ भन्ने कुराहरु हाम्रो माग हो । मैले स्ट्रङली त्यो कुरा भनिराख्या छु । सहअस्थित्वको लडाईमा कम्परमाईज गर्न सकिदैन । अस्थित्व स्वीकार गर्यो कि गरेन भन्ने कुराहरु महत्वपूर्ण कुरा हो । त्यसैले गर्दाखेरि निर्णय प्रक्रियामा सहभागि गराईयो कि गराईएन । छलेर गराईयो कि, झुक्याएर गराईयो कि हामी सचेत छौ । त्यस कारणले गर्दाखेरि माननीय मन्त्रीज्यूको यतापट्टी म ध्यानाकर्षण गराउन चाहान्छु । यो विशेष गरिकन प्रदेश गौरवका योजनाहरु यतिखेरा पनि ओझेलमा पर्ने काम गर्नु हुदैन हामीले महत्वपूर्ण १२-१३ वटा प्रदेशका गौरवका योजनाहरु यो भन्दा अघिल्लो बर्षको आर्थिक बर्षमा हामीले सुरु गर्ने भनेका थियौ । ती अत्यन्त महत्वका योजनाहरु छन् । प्रदेशको खाद्य संस्थान निर्माण गर्ने कुरा कम महत्वको कुराहरु छैन । अहिले यदि खाद्य संस्था उ गर्या भए हामीले चाहि त्यो क्वारेनटाईनको नाममा त्यो उसमा राखिएका

पशुआहारहरुलाई हामीले त्यहि थुन्नुपर्ने अवस्था आउने थिएन हामी सँग छ भनेर हामी दम्भ गर्न सक्थ्यौ त्यसैले गर्दाखेरि हरेक कुराहरु यो प्रदेशको आफ्नै छुट्टै बस भैदिएको भए माननीयज्यूहरु टेम्पो चढेर आउनुपर्ने थिएन । एउटा बस यहा पनि चल्थ्यो होला त्यसैले हामीले भनेको कुराहरु यो प्रदेशलाई चिनाउने कुराहरु छुट्टै कुराहरु जे हामीले परिकल्पना गरेका थियौ त्यो छुट्टै कुराहरुको सुनिश्चितता यतिखेरा हुनुपर्छ । कार्यविधि बनेन, कानून बनेन अब पनि यो बहानामा हामी रोकिनु हुदैन अब अगाडि जाने हो पछाडि फर्केर हेर्ने कुराहरु होईन गतबर्ष रोकिएका योजनाहरु संचालनमा गर्ने कुराहरु र आगामी दिनमा यो प्रदेशलाई छुट्टै किसिमको पहिचान दिने र अर्थतन्त्रको आकारमा यति डिजिट बनाउने छौ भन्ने कुराहरु सुनिश्चितता गरेर यो प्रदेशका युवाहरुलाई, यो प्रदेशका महिलाहरुलाई, यो प्रदेशको बर्गिय हिसाबले पछाडि परेको अवसरको हिसाबले पछाडि परेको बर्ग समुदायलाई सुनिश्चित गर्ने गरिकन त्यो मुलधारमा ल्याउने गरिकन योजना बन्नु पर्छ भन्ने कुराहरु राख्न चाहान्छु र अन्तिममा हामीले गरेका कामहरुको ईम्प्याक्ट ईस्टडि प्रभाव के रहयो त्यसको स्टडि हुन जरुरी छ । जस्तै विगतमा हामीले गत बर्ष हामीले छनौट गरेका योजनाहरु जनताले कसरी बुझेका छन् । अनि त्यसको पैसाको हिसाबले त्यसको चाहि हिसाबकिताब कसरी भयो, बाताबरण प्रभावको हिसाबले त्यो योजनाहरु कति सकारात्मक रहए । त्यसैले हाम्रो चाहाना त्यहा पुरा भए कि भएनन भन्ने कुराहरु हरेक कामको ईम्प्याक्ट स्टडि हुन जरुरी छ । विशेष गरिकन पूर्वाधार विकास कोषले कस्तो खालको छाप छोड्यो जनताले कसरी बुझे पहुच भयो कि भएन जनताको, जनताका योजना छनौटमा परे कि परेनन, कार्यान्वयन भए कि भएनन, प्रदेश सरकारको तदारुक्ता रहयो कि रहेन भन्ने खालका कुराहरुको यो प्रभाव अध्ययन हुन जरुरी छ तब मात्रै हामी अगाडि बढ्न सक्छौ हरेक कामको प्रभावको मुल्यांकन हुनुपर्छ भन्ने कुराहरु राख्दै मैले फेरी पनि भन्न चाहान्छु यो प्रदेश कुनै चिजको ब्राण्ड बनोस बेरोजगार युवा सप्लाई गर्ने ब्राण्ड प्रदेश नबनोस एउटा ब्राण्ड बनोस यो प्रदेशमा हामी के को ब्राण्ड ब नाउन चाहान्छौ । भटमासको ब्राण्ड बन्ने हो कि, सिस्नोको ब्राण्ड बन्ने हो कि, पर्यटनको ब्राण्ड बन्ने हो कि यो खालको सोच लिएर अगाडि जानको लागि मैले प्रदेश सरकार, माननीय मन्त्रीज्यूहरुको ध्यानाकर्षण गर्न चाहान्छु । र अन्तिममा फेरी मैले घोडाघोडीको घटनालाई जोडे यसको सत्यतथ्य छानविन गरेर दोषि उपर कडा कारर्वाही गर्नको निमित्त माग गर्न चाहान्छु धन्यवाद नमस्कार ।

*(बोली सकेपछि)*

३. **माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

४. **माननीय सदस्यहरू,**

अब **“प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

५. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **“प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६”** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

६. **माननीय सदस्यहरु,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०७६ माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोमा सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद प्रदान गर्न चाहान्छु । प्रदेशमा लोकसेवा आयोगको गठन गरि आयोगको काम, कर्तव्य कानूनी मान्यता अनुरुप संचालन गर्न अत्यावश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ सभा समक्ष टेबल गर्दछु धन्यवाद ।

***(टेबुल गरेपछि)***

७. **माननीय सदस्यहरु,**

अब, **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्बाही यहि समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल जेष्ठ १७ गते शुक्रबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।